जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ४२ २०८३ साल भदौ २० गते शनिबार (5 Sep 2026 Saturday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु संकटसँग जुध्न विकासशील.. ३ पृष्ठमा : अस्पतालमा बेपत्ता तस्बिर... ३ पृष्ठमा : भारतलाई तेल आपूर्ति..

# सुरुङभित्रबाट मेकानिकल फोरम्यान सञ्जय साहसहित दुईको उद्धार

## उद्धार गरिएको खवर पाएपछी टोलवासी र आफन्तजन खुशी





सुरुङभित्रबाट शुक्रबार उद्धार गरिएका सञ्जय र उनकी श्रीमती लक्ष्मी साह (परिवारजनबाट प्राप्त पुरानो तस्बिर)। साथै साहलाई सुरुङभित्रबाट उद्धार गरिदै गर्दाको दृश्य (तस्बिर : सामाजिक संजालबाट)।

**दैनिक समाचारदाता**
**राजविराज, १९ भदौ ।**

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको भीषण बाढीपछि त्रिशुली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्रबाट शुक्रबार मेकानिकल फोरम्यान पदमा कार्यरत सञ्जय साहको उद्धार गरिएको छ।

उनीसंगै काठमाडौं बालकुमारीका ४० बर्षीय कबीर महर्जनको पनि जिवितै उद्धार गरिएको छ।

उद्धार लगत्तै छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा चिकित्सकको निगरानीमा राखिएका साहको अवस्था सामान्य र स्थिर रहेको छ।

यता उनको घर सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ४ साह टोलमा खुशियाली छाएको छ। उनका बुबा रामफल साह र आमा कपुर देवी साहसंग ३२ बर्षीय छोरा सञ्जय साह एक्कासी १० दिनपछि जिवितै उद्धार गरिएको खवर पाएपछी टोलवासी र आफन्तजनले खुशी व्यक्त गरेका छन्।

रोजगारीको शिलशिलामा सञ्जय तीन वर्ष अघि रसुवा पुगेका थिए। उनी रसुवास्थित त्रिशुली-३ ए जलविद्युत आयोजनामा मेकानिकल फोरम्यान पदमा कार्यरत छन।

भदौ १० गते भोटेकोशी नदीमा आएको भिषण बाढीका क्रममा उनी कार्यस्थल सुरुङ भित्र फँसेका थिए। शुक्रबार विहान नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विज्ञहरुको संयुक्त टोलीले सञ्जयको जिवितै उद्धार गरेको थियो।

विगत १० दिनदेखि खोजी गर्दा पनि नभेटिए पछि अप्रिय घट्ना भएको हुन सक्ने अनुमान लगाइएको आमा कपुरले सुनाईन्।

सञ्जयका भाई संजीवले भाद्र १० गते विहान ७:४५ बजेतिर दाजुसँग अन्तिम पटक मोबाईलमा कुरा भएको सुनाए। "सुरुङभित्र छिर्न लागेका बेला त्यहाँका केही दृश्यहरु हामीलाई देखाएको १०/१५ सेकेण्ड नबित्दै स्वीच अफ भयो" उनले भने।

सोही दिन १० बजेतिर भोटेकोशी नदीको भिषण बाढीले रसुवा र आसपास क्षेत्रमा ठूलो जनधनको क्षति भएको खबर आएपछि घर परिवारमा खैलाबैला मचेको उनले सुनाए।

उनले दाजु सञ्जय धार्मिक प्रवृतीको मान्छे भएको र सो दिन सुरुङमा फँसे देखि लगातार १० दिन सम्म श्रीमद् भागवत गीता पाठ बाचन गर्ने गरेको शुक्रबार आफूलाई अस्पतालबाट भएको फोन सम्पर्कमा सुनाएको बताए।

सानी आमा पुनमले शुक्रबार बिहान १० बजे सामाजिक सञ्जाल मार्फत सञ्जयको सँकुशल उद्धार गरिएको खबर आएपछि अहिले आफन्तजन तथा इष्टमित्रबाट बधाईको ओइरो लाग्न थालेको सुनाईन।

# भदौ २२ र २३ गते राहदानी विभागका सेवा नियमित सञ्चालन हुने

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ भदौ ।**

राहदानी विभागले यही भदौ २२ र २३ गते विभागबाट प्रवाह हुँदै आएका सम्पूर्ण सेवाहरू नियमित रूपमा सञ्चालन हुने जनाएको छ। विभागले शुक्रबार सूचना जारी गर्दै राहदानीसम्बन्धी सेवा उक्त दिनहरूमा नियमित सञ्चालन हुने जानकारी दिएको हो।

विभागले ती दिन सेवा लिन आउने सबै सेवाग्राहीलाई आवश्यक प्रक्रिया पूरा गरी निर्धारित समयमा सेवा लिन आग्रह गरेको छ। साथै, सेवाग्राहीको जानकारीका लागि सेवा नियमित सञ्चालन हुनेसम्बन्धी सूचना प्रकाशित गरिएको विभागले जनाएको छ।

# बाढीका कारण प्रभावित १३ हजारभन्दा बढीको उद्धार

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ भदौ ।**

रसुवाको भोटेकोशीमा आएको बाढीका कारण प्रभावित १३ हजारभन्दा बढीको उद्धार गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार शुक्रबार दिउँसोसम्म १३ हजार ९३ जनाको उद्धार गरिएको हो।

प्राधिकरणका अनुसार हालसम्म एक हजार २८७ जनाको शव सङ्कलन गरिएको छ भने पाँच हजार ८३ अझै सम्पर्कविहीन छन्।

हाल विभिन्न अस्पतालमा पाँच हजार ३९७ जनाको उपचार भइरहेको छ। हाल नुवाकोट, धादिङ र रसुवाका होल्डिङ सेन्टरमा चार हजार ५२१ जनालाई राखिएको छ। प्रभावित क्षेत्रमा २१ हजार ४२१ जना सुरक्षाकर्मी परिचालन गरिएको छ।

# बाबु सम्पर्कविहीनः चार सन्तान विचल्ली

सप्तरी, १९ भदौ (रासस)।

सप्तरीका बेचन सदा भोटेकोशी बाढीका कारण परिवारको सम्पर्कमा नआएपछि उहाँका चार सन्तान विचल्लीमा परेका छन्।

आमा हुलियादेवी सदाको क्यान्सरको कारण मृत्यु भएको र १० दिनदेखि बुबा पनि सम्पर्कविहीन भएपछि हामी दुई दाजुभाइ र दुई दिदीबहिनी विचल्लीमा परेको उहाँको कान्छी छोरी नौ वर्षीया विभा सदाले बताउनुभयो।

उहाँले भन्नुभयो, "दुई महिनाअघि बुबा त्रिशुली जलविद्युत् पावर हाउसमा कामदारका रूपमा काम गर्दै आउनुभएको थियो। आमा बिरामी हुँदा उपचार गर्ने क्रममा ऋण लागेपछि रोजगारीका लागि त्यहाँ जानुभएको थियो।

"हामी कसको साहारामा बस्ने ?" विभा सदाले भन्नुभयो। अठार र २० वर्षका दुई दिदीहरूको विवाह भइसकेको छ। तेह्र वर्षीय छोरा सुभाष सदा आफन्त सहयोगमा बाबुको खोजीमा रसुवा जानुभएको छ।

त्रिशुली थ्रिवि पावर हाउसमा कामदारका रूपमा कार्यरत बेचन सदासँगै सोही ठाउँका सुरेन्द्र सदा र शिवकुमार सदा रसुवाको भोटेकोशीमा आएको बाढीपछि १० दिनदेखि सम्पर्कविहीन

*बाँकी अन्तिम पृष्ठमा*

# त्रिवि शिक्षण अस्पतालमा १९३ शव ल्याइएकामा २४ को पहिचान

काठमाडौं, १९ भदौ (रासस)।

रसुवाको भोटेकोशीमा बाढीमा परी ज्यान गुमाएकामध्ये १९३ जनाको शव त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्ज ल्याइएको छ।

अस्पतालका फरेन्सिक ल्याब प्रमुख डा गोपाल चौधरीले अस्पतालमा ल्याइएकामध्ये १७४ शवको परीक्षण भइसकेको जानकारी दिनुभयो।

त्यस्तै अस्पतालमा ल्याएको हालसम्मम २४ जनाको शव मात्र पहिचान गरी परिवार तथा आफन्तलाई जिम्मा लगाइएको अस्पतालले जनाएको छ।

अस्पतालमा ल्याएकामध्ये १५१ शव र १० वटा शबका विभिन्न अङ्गसहित १६१ शवको व्यवस्थापन भएको डा चौधरीले बताउनुभयो।

**नागरिकमैत्रीः सार्वजनिक सेवा**

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कृष्ण अष्टमीको धार्मिक महत्व साझा गरौं

श्रीकृष्ण जन्माष्टमी अर्थात् कृष्ण अष्टमी नेपाली समाजमा श्रद्धा, भक्ति र उल्लासका साथ मनाइने महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो। धार्मिक मान्यताअनुसार भाद्र कृष्ण अष्टमीको मध्यरातमा भगवान् श्रीकृष्णको जन्म भएको विश्वास गरिन्छ। नेपालमा यस दिन कृष्ण मन्दिरहरूमा पूजाआजा, भजन-कीर्तन, प्रवचन तथा व्रत बस्ने परम्परा छ। तर कृष्ण अष्टमी केवल पूजा, व्रत र उत्सवमा सीमित रहने पर्व होइन। भगवान् श्रीकृष्णको जीवन र उहाँले दिएको गीता ज्ञानले सत्य, न्याय, कर्तव्य, कर्म, धैर्य र सद्भावको बाटोमा अघि बढ्न प्रेरणा दिन्छ।

आज समाजमा अन्याय, भ्रष्टाचार, हिंसा, विभेद, लोभ र स्वार्थ बढिरहेको अवस्थामा कृष्णका यी सन्देश झन् सान्दर्भिक बनेका छन्। हामीले कृष्णको पूजा गर्दा उहाँको मूर्तिमा मात्र फूल चढाएर पुग्दैन। उहाँले देखाउनुभएको सत्कर्मको बाटो पनि व्यवहारमा उतार्नुपर्छ। आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नु, कमजोर र पीडितको पक्षमा उभिनु, अन्यायको विरोध गर्नु तथा समाजमा आपसी प्रेम र सद्भाव कायम गर्नु नै कृष्णप्रतिको वास्तविक सम्मान हो।

पर्व मनाउने क्रममा अनावश्यक खर्च, तडकभडक र प्रतिस्पर्धा भन्दा यसको सांस्कृतिक तथा नैतिक पक्षलाई प्राथमिकता दिन आवश्यक छ। तुर्थ युवा पुस्तालाई पनि कृष्ण अष्टमीको धार्मिक महत्वसँगै यसले दिने ज्ञान, कर्म र नैतिकताको सन्देश बुझाउन सक्नुपर्छ।

# जलवायु संकटसँग जुध्न विकासशील मुलुकलाई थप वित्तीय तथा प्राविधिक सहयोग आवश्यक : एलडिसी

काठमाडौं, १९ भदौ (रासस)।

अतिकम विकसित मुलुक (एलडिसी) समूहले जलवायु परिवर्तनबाट उत्पन्न सङ्कटसँग जुध्न विकासशील तथा जोखिममा रहेका मुलुकलाई थप वित्तीय, प्राविधिक तथा क्षमता अभिवृद्धिको सहयोग आवश्यक रहेको जनाएको छ।

टिमोर-लेस्टेको राजधानी डिलीमामा सम्पन्न अतिकम विकसित मुलुक समूहका जलवायु परिवर्तनसम्बन्धी मन्त्री तथा प्रतिनिधिमण्डल प्रमुखहरूको बैठकले 'डिली मन्त्रिस्तरीय जलवायु परिवर्तन घोषणापत्र' जारी गर्दै जलवायु सङ्कटबाट प्रभावित मुलुकलाई पर्याप्त, अनुमानयोग्य, सहज र अनुदानमा आधारित सहयोग उपलब्ध गराउन जोड दिएको हो।

डिलीमा रहनुभएका कृषि, वन तथा पर्यावरण मन्त्रालयका प्रवक्ता डा महेश्वर ढकालले घोषणापत्रमा नेपालमा हालै हिमाली क्षेत्रमा भएको जलवायु परिवर्तनजन्य हिमपहिरो तथा चट्टान खसाइपछि आएको बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएकामा नेपालप्रति गहिरो सहानुभूति तथा ऐक्यबद्धता व्यक्त गरिएको जानकारी दिनुभयो।

"जलवायु परिवर्तनका कारण अतिकम विकसित मुलुकमा जनजीवन, जीविकोपार्जन, स्वास्थ्य, समुदाय तथा वर्षौंका विकास उपलब्धिमा गम्भीर असर परिरहेको उल्लेख गर्दै घोषणापत्रले जलवायु सङ्कट न्यूनीकरणका लागि तत्काल महत्वाकाङ्क्षी र न्यायोचित कदम चाल्नुपर्नेमा जोड दिएको छ", उहाँले भन्नुभयो, "घोषणापत्रमा अतिकम विकसित मुलुकले जलवायु परिवर्तनमा नगण्य योगदान गरे पनि त्यसबाट उत्पन्न असर असमान रूपमा भोग्नुपरेको उल्लेख छ। जोखिममा रहेका समुदायको संरक्षणका लागि अन्तरराष्ट्रिय सहयोग र बहुपक्षीय सहकार्य थप सुदृढ गर्नुपर्ने उल्लेख छ।"

एलडिसी समूहले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्यअनुरूप हरितगृह ग्यास उत्सर्जनमा गहिरो कटौती गर्न आह्वान गरेको छ। चालु दशकभित्रै उत्सर्जन घटाउने कार्यलाई तीव्रता दिनुपर्ने, ऊर्जा प्रणालीमा रूपान्तरण गर्नुपर्ने तथा अनुकूलन र जलवायुजन्य हानि तथा नोक्सानी सम्बोधनका लागि वित्तीय सहयोग बढाउनुपर्ने घोषणापत्रमा उल्लेख छ।

समूहले जलवायु वित्तमा अनुदानमा आधारित सार्वजनिक वित्तको मात्रा उल्लेख्य रूपमा बढाउन माग गरेको छ। नयाँ सामूहिक परिमाणात्मक जलवायु वित्त लक्ष्य (एनसिक्युजी) कार्यान्वयनमा तत्काल प्रगति गर्दै विकसित मुलुकले सन् २०३५ सम्म प्रतिवर्ष ३०० अर्ब अमेरिकी डलरको लक्ष्यतर्फ नेतृत्व लिनुपर्ने तथा जलवायु वित्त परिचालनलाई कम्तीमा १.३ ट्रिलियन अमेरिकी डलर प्रतिवर्ष पुर्‍याउने दिशामा अघि बढ्नुपर्ने माग गरिएको छ।

त्यसैगरी, अनुकूलन वित्त सन् २०३५ भन्दा धेरैअगावै तीनगुणा वृद्धि गरी प्रतिवर्ष कम्तीमा १२० अर्ब अमेरिकी डलर पुर्‍याउन आह्वान गरिएको छ। जलवायुजन्य हानि तथा नोक्सानी सम्बोधन कोष, अतिकम विकसित मुलुक कोष, हरित जलवायु कोष, अनुकूलन कोष तथा विश्ववातावरण सुविधामा नयाँ तथा उल्लेख्य योगदान गर्न पनि विकसित मुलुकलाई आग्रह गरिएको छ।

हानि तथा नोक्सानीसम्बन्धी कोषमा स्रोतको माग उपलब्ध रकमभन्दा धेरै रहेको जनाउँदै घोषणापत्रले कोप-३१ बाट थप स्रोत परिचालनका लागि स्पष्ट सन्देश दिनुपर्नेमा जोड दिएको छ। जलवायु परिवर्तनका कारण बसाइँसराइ, विस्थापन र योजनाबद्ध पुनःस्थापनाको जोखिम बढिरहेको भन्दै यस विषयमा केन्द्रित मन्त्रिस्तरीय संवाद सञ्चालन गर्न पनि आह्वान गरिएको छ।

घोषणापत्रले अनुकूलन र उत्थानशीलता विकासका लागि वित्तीय सहयोगसँगै प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धिलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ। जलवायु उत्थानशील तथा दिगो कृषिलाई अनुकूलनको प्राथमिकतामा राख्दै खाद्य सुरक्षा तथा जोखिममा रहेका किसानको जीविकोपार्जन संरक्षण गर्न पर्याप्त वित्त, प्रविधि र क्षमता विकास आवश्यक रहेको समूहले जनाएको छ।

यसैगरी, एलडिसी समूहले जलवायु कार्यमा लैङ्गिक उत्तरदायी दृष्टिकोणलाई मूलधारमा ल्याउन, जोखिममा रहेका महिला तथा स्थानीय तहमा कार्यरत महिलाको निर्णय प्रक्रिया, वित्त, प्रविधि र उत्थानशील जीविकोपार्जनमा पहुँच बढाउन पनि जोड दिएको छ। न्यायोचित ऊर्जा रूपान्तरणलाई सामाजिक-आर्थिक अवस्था, विकास प्राथमिकता तथा ऊर्जा आवश्यकतासँग जोड्दै दिगो विकास, गरिबी न्यूनीकरण, मर्यादित रोजगारी र स्वच्छ ऊर्जामा पहुँच विस्तार गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।

आगामी कोप-३१ ले अतिकम विकसित मुलुकका प्राथमिकता, भौगोलिक वास्तविकता, आवश्यकता र विशेष परिस्थितिलाई सम्बोधन गर्ने न्यायोचित, महत्वाकाङ्क्षी, समावेशी तथा कार्यान्वयनमुखी परिणाम दिनुपर्नेमा समूहले जोड दिएको छ। एलडिसी समूहले जलवायु सङ्कटलाई वातावरणीय समस्या मात्र नभई मानव जीवन, स्वास्थ्य, खाद्यसुरक्षा, जीविकोपार्जन, अर्थतन्त्र र विकाससँग प्रत्यक्ष जोडिएको चुनौतीका रूपमा सम्बोधन गर्नुपर्ने निष्कर्षसमेत प्रस्तुत गरेको छ।

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# ब्यारेज बनेको ३१ वर्षसम्म पनि किसानले सिँचाइ सुविधा पाएनन्

सर्लाही, १९ भदौ (रासस)।

सर्लाहीको बलरामा व्यवस्थित नहरको अभावमा ठूलो धनराशि खर्च गरेर निर्माण गरिएको ब्यारेज तीन दशकसम्म पनि सञ्चालनमा आउन सकेको छैन।

बलरा नगरपालिका-१० र रामनगर गाउँपालिका-१ को सिमाना सुदामामा निर्माण भएको सिँचाइ ब्यारेज ३१ वर्षदेखि अलपत्र अवस्थामा छ। बाह्रै महिना पानी बग्ने एकादशी खोलामा २०५२ सालमा ब्यारेज निर्माण गरिएको थियो। सुदामा, छोटउल, अचलगड, बलरा अर्नाह, मिर्जापुर, छतौना, खेअर्वा, रामनगर बहुअर्वालगायत साविक दर्जन बढी गाविसका खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यसहित निर्माण भएको ब्यारेज प्रयोग नै नभई अलपत्र बनेको हो।

ब्यारेज रु छ करोड लागतमा निर्माण भएको थियो। कृषिको उर्वर भूमिका रूपमा रहेको यस क्षेत्रमा सिँचाइको भरपर्दो सुविधा नहुँदा किसान वर्षाको पानीको भरमा खेती गर्न बाध्य छन्। यस क्षेत्रका सयौं बिघा खेतीयोग्य भूभाग वर्षात्मा जलमग्न र हिउँदमा खण्डहर बन्ने गरेको बलरा नगरपालिका-५ मिर्जापुरका किसान शङ्कर साहले गुनासो गर्नुभयो। "ब्यारेजसँग जोडिएको एउटा नहर छ", उहाँले भन्नुभयो, "त्यो पनि अव्यवस्थित छ।"

नहरबाट आएको पानी वर्षायाममा अनियन्त्रित भइ ब्यारेज नजिकका केही किसानको खेतसम्म पुग्छ। बाँकी क्षेत्रका किसानले पम्पसेट र विद्युत् मोटरको भरमा जेनतेन खेती गरिरहेका उहाँको गुनासो छ।

यसरी गरिएको खेती मौसम प्रतिकूल हुँदा खेर जाने गरेको उहाँको अनुभव छ। ब्यारेज निर्माण भएको ठाउँ जिल्लाको दक्षिणपश्चिम क्षेत्रमा पर्छ। उत्तरी क्षेत्र रामनगर गाउँपालिकाका भूभागमा सिँचाइ गर्न नसकिएको स्थानीय जनप्रतिनिधिको भनाइ छ।

"यहाँको भूभाग कोल्टे पर्छ", रामनगर गाउँपालिकाका अध्यक्ष राजाबाबु यादवले भन्नुभयो, "सुरुमा हालको रामनगर र बलराको लागि भनेर ब्यारेज निर्माण भएको देखिन्छ। गलत ठाउँ परेकाले रामनगरका किसानको लागि त्यो उपयुक्त भएन। ब्यारेजबाट पानी उत्तरतर्फ आउँदैन। त्यसैले सोही खोलाको माथिल्लो स्थानमा बाँध निर्माण गरेर सिँचाइ सुविधा पुर्‍याइरहेका छौं।"

नहर निर्माण गरी व्यवस्थित गर्नसके हालको बलरा नगरपालिकाका सम्पूर्ण खेतीयोग्य भूभागमा सिँचाइ सुविधा पुग्ने नगरप्रमुख रामाशङ्करप्रसाद कुशवाहाले बताउनुभयो। ब्यारेज नै अलपत्र पर्दा समस्या भएको उहाँको भनाइ छ। ब्यारेजको संरक्षण स्वामित्व कसैले नलिएकाले जीर्ण बनेको उहाँले स्वीकार गर्नुभयो। आफू नगरप्रमुख भएर आएपछि बजेट विनियोजन गरी ब्यारेजको सामान्य मर्मतसम्भार गरेको उहाँको भनाइ छ।

नगरपालिकाले गत आर्थिक वर्षको बजेटमा ब्यारेज मर्मत तथा सौन्दर्यकरणका लागि बजेट विनियोजन गरेको थियो। ब्यारेज र पार्कलाई पर्यटकीयस्थलका रूपमा विकास गर्ने नीति लिएको उहाँले बताउनुभयो। सङ्घ र प्रदेश सरकारसँग व्यवस्थापनसँगै नहर निर्माण योजना पेस गरेको नगरप्रमुख कुशवाहाले बताउनुभयो। ब्यारेजका लागि गत आर्थिक वर्षमा प्रदेश र सङ्घीय सरकारले रु पाँच करोड बजेट उपलब्ध गराएको थियो। समयमा काम हुन नसक्दा फिर्ता गएको उहाँको भनाइ छ।

यस वर्षको रु दुई करोड बजेटबाट नहरको काम गर्ने तयारी गरिएको नगरप्रमुख कुशवाहले जानकारी दिनुभयो। ब्यारेज व्यवस्थापनका लागि आफूले प्रदेश र सङ्घीय सरकारलाई पटकपटक आग्रह गरेको उहाँले दाबी गर्नुभयो। तर, हालसम्म कुनै पनि प्रक्रिया अगाडि बढ्न नसकेको उहाँ बताउनुहुन्छ। ठूलो भूभागमा सिँचाइ हुने भए पनि ब्यारेज प्रयोगमा ल्याउन नसक्नु दुःखद् भएको उहाँको भनाइ छ।

किसानको सुविधाका लागि आएको बजेट नगरपालिकाले काम नै नगरी फिर्ता गरेको स्थानीय किसानको आरोप छ। खेत नजिकै बाह्रै महिना खोला बग्ने तर आफूहरूले महँगोमा डिजल मोटर प्रयोग गर्नुपर्ने बाध्यता रहनु दुःखत भएको स्थानीय किसान गगनदेव सिंहले गुनासो गर्नुभयो। पालिकाले सिँचाइ ब्यारेज व्यवस्थित गरी किसानको खेतसम्म पानी पुर्‍याउनुको साटो पार्क निर्माणमा खर्च गरेको उहाँको आरोप छ।

ब्यारेज मर्मत गरी पक्की नहरको व्यवस्थासहित सिँचाइ सुविधा उपलब्ध गराउनुपर्ने स्थानीय किसानको माग छ। किसानले सुविधा पनि नपाउने, राज्यको ठूलो लगानी खेर जाने अवस्थाको अन्त्य हुनुपर्ने उहाँहरूको भनाइ छ।

# अस्पतालमा बेपत्ता तस्बिर हेर्दै टोलिइरहेका आँखा

**मधु शाही**
काठमाडौँ, १९ भदौ (रासस) ।

अस्पतालको भित्ता हराएका व्यक्तिहरुको तस्बिरले भरिएको छ । कोही आफन्तको तस्बिर बोकेर हिँडिरहेका छन्, कोही उद्धार गरेर ल्याइएका व्यक्तिहरूको विवरण खोजिरहेका छन् । कसैको आखाँमा आशा छ भने कसैको मुहारमा थकान । तर, सबैको साझा खोज छ, बेपत्ता भएका आफन्तको खबर पाउने ।

माथिको शब्द दृश्य महाराजगन्जस्थित टिचिङ अस्पतालको हो । भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका व्यक्तिहरुका आफन्तजन खोजी गर्दै अस्पतालको परिसरमा दौडधुप गरिरहेका छन् । त्यही खोजीको भीडमा हुनुहुन्थ्यो, रामेछापका रामहरि मानन्धर । बुधबार अस्पतालमा बाढीमा बेपत्ता हुनुभएका दिदी पार्वती मानन्धरको तस्बिर बोकेर उहाँ अस्पताल परिसरमा यताउता गरिरहनुभएको थियो ।

बाढीपछि रसुवागढीस्थित अध्यागमन कार्यालयमा कार्यरत खरिदार पार्वतीले सम्पर्कविहीन हुनुभएको उहाँले जानकारी दिनुभयो । रामहरि र आमा चन्द्रकुमारी शिक्षण अस्पतालमा हरेक दिन धाउनुहुन्छ । दिदीको फोटो देखाउँदै अस्पतालमा रहेको सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसँग सोधिरहनुहुन्छ, "मेरो दिदी भेटिनुभयो कि ?"

रामहरिका लागि पार्वती दिदीसँगै घर खर्च धान्ने दरिलो खम्बा हो । "पहिला पढाइ पूरा गर्नु अनि जागीर खोज्नु", भन्दै दिदीले शिक्षामा दिनुभएको प्राथमिकता रामहरि अहिले झलझली सम्झिनुहुन्छ । रामहरिका अनुसार घरको आर्थिक स्थिति कमजोर भएका कारण कान्छो भाइ एइई सकेर क्याम्पस भर्ना गर्न बाँकी थियो । यसै महिना कान्छो भाइको पनि क्याम्पस भर्ना गर्ने भन्दै दिदी पार्वतीले बताउनुभएको थियो । तर, अहिले भने बेपत्ता दिदी कहाँ र कस्तो अवस्थामा छन् ? बेखर रहेको रामहरिले बताउनुभयो ।

पार्वतीकी आमा चन्द्रकुमारीलाई छोरी भेटिने आशा छ । सानैदेखि सङ्घर्ष गरेर सरकारी जागीरे खाएकी २२ वर्षे पार्वतीको आँटिलो स्वभावले जसरी पनि भेटिने आमा चन्द्रकुमारीको अन्तर मनको भरोसा छ । उहाँका अनुसार जस्तोसुकै अवस्थामा भए पनि छोरी भेटिन्छे भन्ने लागेको छ । छोराछोरी हुर्काउन र पढाउन चन्द्रकलाले निकै सङ्घर्ष गरेको बताउनुहुन्छ । छोरी पार्वतीलाई मात्रै पढाउन उहाँले श्रीमान्सँग धेरै पटक विवाद गर्नु परेको सुनाउनुभयो । "श्रीमान्ले छोरी नपढाए हुन्छ भन्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "इँटाभट्टामा मजदुरी गरेर भए पनि छोरी पढाए, हुर्काए । अहिले कहाँ खोज्न जाउँ ।"

पार्वतीले गत वैशाखमा खरिदारमा नाम निकालेपछि चन्द्रकुमारीका आँखामा हेर्दै 'अब हाम्रा सुखका दिन आए आमा' भन्दै खुसी क्षण साटेको सम्झिनुहुन्छ । छोरी पार्वतीले भनेजस्तै चन्द्रकुमारीको जीवन दुःखबाट सुखतिर मोडिदै थियो । उहाँको यो खुसी भदौ १० गतेदेखि धमिलिएको छ । उहाँ भन्नुहुन्छ, "छोरी हराएसँगै घरको आड भरोसा नै हरायो ।"

रसुवाका ५८ वर्षे फुर्पु तामाङले छोरा बुहारी, दुई नातिनी र एक नाति गरी परिवारका पाँच सदस्य बेपत्तामा छन् । पहाडमा भएको पुर्खाको घर छोडेर तल्लो भाग स्याफ्रुबेंसीमा बस्दै आउनुभएको थियो । फुर्पु र उहाँको श्रीमती रसुवाको माथिल्लो पहाडी भेगमा बस्नुहुन्छ । बाढी आइरहँदा फुर्पुले कालोमुस्लोसहित भेल आएको देख्नुभयो । उर्लिदै आएको मुस्लो देखेर छोरा, बुहारीलाई फोन सम्पर्क गर्न खोज्नुभयो । तर, फोन सम्पर्क हुन सकेन । फुर्पु भन्नुहुन्छ, "एक जना मात्रै भेटिए पनि हुन्थ्यो । मेरो त बुढेसकालको साहारा नै हरायो ।"

गाउँ नै बगाएकाले छोरा, बुहारीको खबर सोध्ने छिमेकी कोही छैनन् । उहाँले कसलाई कहाँ गएर खोज्ने भन्ने अन्योलमा रहेको बताउनुभयो । खोज्ने थलो अस्पतालबाहेक अरु कतै नदेखेपछि उहाँ हरेक दिन अस्पताल आउने गरेको सुनाउनुभयो । श्रीमतीलाई छोरा आउँछ भन्दै आश्वासन दिइरहेको उहाँले सुनाउनुभयो । मुटुको रोगी श्रीमतीको स्वास्थ्य बिग्रिने हुँदा झुटो बोल्न उहाँ बाध्य हुनुहुन्छ । "निर्धक्क रुन पनि सक्दिन । म नै कमजोर भए भने श्रीमतीलाई कसले सम्हाल्छ ?", उहाँले भन्नुभयो, "मन भारी बनाएर हराएको छोरो खोजिरहेको छु ।"

भोटेकोशी नदीमा आएको बाढीमा परी बेपत्ता भएका व्यक्तिहरुका आफन्तजन खोज्दै अस्पताल आउने सङ्ख्या बढ्दै गएको छ । हराएका परिवारको सदस्य र आफन्त खोज्दै विदेशमा रहेका आफन्तसमेत नेपाल आउनुभएको छ ।

सिन्धुपाल्चोक हेलम्बु-४ का बक्सिङ तामाङले भोटेकोशी नदीमा आएको बाढीमा सम्पर्कविहीन भएका भाई सुनबहादुर तामाङलाई खोज्दै नेपाल आउनुभयो । उहाँका अनुसार बाढी आएको चार दिनसम्म जापानमै सामाजिक सञ्जालमार्फत भाइ खोजिदिन अपिल गरेको भए पनि त्यसले कुनै प्रभाव नपरेपछि आफैँ नेपाल आएको बताउनुभयो ।

अहिले महाराजगञ्जस्थित शिक्षण अस्पतालको परिसरमा बेपत्ता भएका भाइ सुनबहादुरको तस्बिर देखाउँदै खोजिदिन अपिल गरिरहनुभएको छ । उहाँले भन्नुभयो, "जापानबाट आएको भोलिपल्टै भाइ खोज्दै बाढी प्रभावित क्षेत्र त्रिशुली पुगे । त्यहाँ पनि भेटिन । अहिले अस्पतालमा धाइरहेको छु ।" बक्सिङका अनुसार सुनबहादुर रसुवाको जलविद्युत् आयोजनामा खाना पकाउने काम गर्नुहुन्थ्यो । भाइसँगै काम गरेर सबै साथीहरु घर फर्किएको सुनाउँदै बक्सिङले आफ्नो भाइ पनि भेटिने आशा राखेको सुनाउनुभयो ।

रसुवा टिमुरेबाट बेपत्ता हुनुभएका खोटाङ घर भएका दोर्ची शेर्पालाई उहाँको भतिजी सपना शेर्पा खोजी गर्दै काठमाडौँका अस्पतालमा चाहर्नुभएको छ । कामको सिलसिलमा रसुवा बस्दै आउनुभएको काकाकाकी र दुई छोराछोरी बेपत्ता भएको उहाँले सुनाउनुभयो । जसमध्ये, काकी भने कतै भेटिनुभएको भन्ने खबर सुन्नमा आएको उहाँले बताउनुभयो । तर, कहाँ भेटिनुभएको छ अहिलेसम्म सम्पर्कमा नआएको सपनाले सुनाउनुभयो । काकी भेटिएको खबरले एकातिर खुसी दिएको छ भने अर्कोतिर काका र ससाना भाइबहिनीको बेखरले निराशा बनाएको छ । सपना भन्नुहुन्छ, "काकी भेटिनुभएको सुनेर मनमा आशा पलाएको छ ।"

सिन्धुपाल्चोक, बेँसी नगरपालिका-१२ का रुपेश श्रेष्ठका ससुरा बा र मामाको छोरा खोज्दै हरेक दिन शिक्षण अस्पताल धाउनुहुन्छ । सवारी चालक काम गर्ने ससुरा बा र मामाको छोरा खोज्न रुपेश चितवनदेखि काठमाडौँका विभिन्न अस्पतालमा जानुभएको छ । "आफन्तको सहयोगमा हेलिकप्टरको प्रयोग गरी चितवनसम्म खोज्न पुग्यौं । तर, कुनै पत्तो लागेन", उहाँले भन्नुभयो, "अस्पतालमा आउँछौं, खोज्छौं फर्किन्छौं । दैनिकी यसरी बितेको छ ।" आफन्त खोज्न उहाँहरु हरेक दिन हातमा बेपत्ता आफन्तजनको तस्बिर बोकेर सैनिक अस्पताल, मनमोहन अस्पताल, नर्भिक अस्पताल, ट्रमा अस्पतालदेखि शिक्षण अस्पतालमा निरन्तर सम्पर्क गरिरहनुभएको छ । बिहानदेखि बेलुका ७/८ बजे अस्पतालमै बित्ने गरेको उहाँले सुनाउनुभयो । चिनजानमा रहेका साथीहरु सबै बाढीमा बेपत्ता भएको उहाँले बताउनुभयो ।

सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-८ का यमबहादुरका छोरा सौगात गिरी बेपत्ता हुनुहुन्छ । बसन्त भनेर चिनिने उहाँ टिमुरेमा मालवाहक ढुवानी चलाउने काम गर्दै आउनुभएको थियो । टिमुरेमा बाढीसँगै बेपत्ता हुनुभएको उहाँले अन्तिमपटक बुहारीसँग भदौ १० गते ८.३० बजे कुराकानी भएको यमबहादुर बताउनुहुन्छ । छोरोको साथीले बीचबाटै टिमुरेमा सवारी लिएर जान भनेपछि उतै गएको खबर मात्रै उहाँले पाउनुभएको छ ।

त्यस खबरपछि छोरो बेखबर भएको चिन्ताले यमबहादुरको मन अशान्त छ । उहाँ भन्नुहुन्छ, "मेरो एउटै छोरो हो । हामीलाई बाँचुन्जेल पाल्ने र मरेपछि फाल्ने उही नै थियो ।" टिमुरेको एक होटलमा बसेर बिहान ८:३० बजे चिया र खाजा खाँदै बुहारीलाई फोन गरेको थिए । त्यसको १० मिनेटपछि छोराको सम्पर्क टुटेको यमबहादुरले सुनाउनुभयो । छोरो खोज्दै चितवनसम्म पुगे पनि अरु ठाउँ खोज्ने आफ्नो कुनै उपाय नभएको बताउनुभयो । अस्पतालमा उद्धारमा आएका व्यक्तिमा छोरो भेटिन्छ कि ? भन्ने आशाले राख्दै उहाँ दैनिक अस्पताल आउनुहुन्छ । बेपत्ता छोरोको तस्बिरतिर हेर्दै भावुक हुँदै उहाँले भन्नुभयो, "बुढेसकालको साहारा यही थियो । अब कहाँ खोज्न जाउँ ?"

# भोटेकोशी बाढीः त्रिशूली-३ 'ए' मा खोज तथा उद्धार जारी

काठमाडौँ, १९ भदौ (रासस) ।

भोटेकोशी बाढीका कारण त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेकाको खोज तथा उद्धार जारी छ । नेपाली सेनाका ७५, सशस्त्र प्रहरीको १८ एवं नेपाल प्रहरी र विज्ञसहितको संयुक्त खोज तथा उद्धार टोलीले शुक्रबार सो सुरुङबाट दुई जनाको जीवितै उद्धार गरेको थियो ।

उहाँहरूको वीरेन्द्र अस्पताल छाउनीमा उपचार भइरहेको छ । खोज तथा उद्धारका क्रममा उक्त स्थानबाट एक शव निकालिएको र थप खोज तथा उद्धार कार्य जारी रहेको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

यस्तै त्रिशूली-३ 'बी'मा सेनाको ८९, गैरसैनिक तीन र आयोजनाका प्रबन्ध निर्देशकसहितको संयुक्त उद्धार टोलीले आयोजनाको कार्यालय र निवास पहिचान गरी उक्त इलाकासम्म पुग्न एक्साभेटरबाट बाटो खन्ने तथा माटो पन्छाउने काम भइरहेको छ । सो आयोजनाको अडिट-१ बाट उद्धार टोली ४२६ मिटरभित्र प्रवेश गरेको छ । अडिट-१ बाट एक्साभेटर छिराउन अपरेटरसहित ३ 'ए'सँग लिङ्कअप गराउने काम भइरहेको सेनाले जनाएको छ ।

लाङटाङ हाइड्रोमा सेनाका २५ तथा दुई जना गैरसैनिकसहितको संयुक्त खोज तथा उद्धार टोलीले सुरुङभित्र प्रवेश गरी दुईवटा शव फेलापारेको छ । सो क्षेत्रमा खोज तथा उद्धार जारी छ ।

चिलिमे हाइड्रोमा विदेशीसहितको संयुक्त टोलीले जेनेरेटर र पम्पको सहायताले लेदो फाल्ने काम गरिरहेको छ । माथिल्लो त्रिशूली-१ को हाकुस्थित सुरुङमा १७ सैनिक र आयोजनाका प्रतिनिधिसहितको संयुक्त उद्धार टोलीले 'र्‍याफ्ट' र 'बोट' को समेत प्रयोग गरी खोजी गरिरहेको छ । टनेलमा रहेको पानी फाल्ने काम भइरहेको छ ।

**देवीघाटमा पुल जडान हुँदै**

देवीघाटस्थित तादी नदीमा पुल जडानका लागि सेनाको इन्जिनियरिङ फौजबाट ५५ जना टोली खटिइ बेस निर्माण गरिरहेको छ । सो स्थानमा जडान गर्नका लागि गजुरीमा रहेको 'एक्रो ब्रिज'का केही भाग त्रिशूली पुर्‍याइएको र थप सामग्री ढुवानी गर्ने क्रममा रहेको सेनाले जनाएको छ ।

प्रभावित क्षेत्रका जङ्गल, डाँडा, खोला र बस्ती इलाकामा चिकित्सकसहित आवश्यक उद्धार टोलीले पैदल गस्ती गरिरहेको छ । रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन र नवलपरासीपूर्वका प्रभावित क्षेत्रमा नौ हजार ३०० भन्दा बढी फौज घाइतेको खोज तथा उद्धार, शव व्यवस्थापन, अवरुद्ध सडक सञ्चालन एवं आपत्कालीन उपचारमा क्रियाशील रहेका छन् ।

यसैबीच, सात सैनिक र छ गैरसैनिक हेलिकप्टरमार्फत शुक्रबार प्रभावित इलाकाबाट २९ जनाको उद्धार गरिएको सेनाले जनाएको छ ।

## विश्व समाचार

### भारतलाई तेल आपूर्ति जारी राख्छौ : रुसी राजदूत

नयाँदिल्ली, १९ भदौ (रासस/एएनआई) ।

भारतको ऊर्जा आवश्यकता पूरा गर्न रुस प्रतिबद्ध रहेको भारतका लागि रुसी राजदूत डेनिस अलिपोभले बताउनुभएको छ । उहाँले रुसी तेल खरिदमा लगाइएका पश्चिमी माध्यमिक प्रतिबन्ध र शुल्कलाई भारतमाथि दबाब सिर्जना गर्ने रणनीति भन्दै आलोचना गर्नुभयो ।

एएनआईसँग कुरा गर्दै उहाँले भारतले आफ्नो राष्ट्रिय हितअनुसार ऊर्जा खरिदसम्बन्धी निर्णय गर्न सक्ने बताउनुभयो । "हामी भारतलाई आवश्यक पर्ने जति तेल आपूर्ति गर्न तयार हुनेछौं । प्रतिबन्ध र शुल्क लगाउनेहरु इमानदार सहकार्यको सट्टा दबाबको रणनीति अपनाएका छन्", उहाँले भन्नुभयो ।

माध्यमिक प्रतिबन्धले रुसी तेलसँग कारोबार गर्ने तेस्रो मुलुकका रिफाइनरी, ढुवानी कम्पनी तथा बैंकलाई समेत प्रभावित पार्न सक्ने उहाँको भनाइ थियो । यस्ता उपायले भारतलाई प्रतिस्पर्धी मूल्यमा रुसी तेल खरिद गर्नबाट रोक्न खोजिएको उहाँले आरोप लगाउनुभयो ।

रुसी तेललाई विश्व बजारबाट अलग गर्ने प्रयास सम्भव नभएको दाबी गर्दै अलिपोभले ऊर्जा बजारले रुसी कच्चा तेलको बहिष्कार धान्न नसक्ने बताउनुभयो । उहाँका अनुसार रुसी तेल भारतलगायत अन्य मुलुकका लागि बजारमा उपलब्ध भइरहनेछ ।

राजदूतको भनाइ अमेरिका र युरोपेली सङ्घ (इयु) लगायत पश्चिमी मुलुकले रुसी ऊर्जा कारोबारमा माध्यमिक प्रतिबन्ध विस्तार गरिरहेका बेला आएको हो । भारतले भने राष्ट्रिय हित, बजारको अवस्था र उपभोक्ता मूल्य स्थिरतालाई आधार बनाएर कच्चा तेल खरिद नीति तय गर्दै आएको छ ।

### यमनमा झडपमा ८१ लडाकू मारिए

दुबई, १९ भदौ (रासस/एएफपी) ।

यमनमा हुथी विद्रोही र सरकार समर्थित फौजबीच बिहीबारदेखि जारी झडपमा कम्तीमा ८१ लडाकू मारिएका छन् । सैन्य तथा चिकित्सकीय स्रोतका अनुसार सरकारी फौजतर्फ ३९ र हुथीतर्फ ४२ जनाको मृत्यु भएको छ ।

लाल सागरको तटीय क्षेत्र र ताइजमा भएको भिडन्तमा हुथीहरूले रकेट, ड्रोन तथा स्थल आक्रमण गरेपछि झडप चर्किएको हो । सरकारी स्रोतका अनुसार हुथीहरूले रणनीतिक बन्दरगाह सहर मोखालाई अन्य सरकारी नियन्त्रणका क्षेत्रबाट अलग पार्दै बाब अल-मन्दब जलघाँटी आसपास अघि बढ्ने प्रयास गरिरहेका छन् ।

एक दशकभन्दा लामो गृहयुद्धमा फसेको यमनमा सन् २०२२ को युद्धविराम कमजोर बनेपछि पुनः सैन्य तनाव बढेको छ । हुथीहरूले राजधानी सानासहित ठूलो भूभाग नियन्त्रणमा राखेका छन् भने अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई साउदी अरब नेतृत्वको गठबन्धनले समर्थन गर्दै आएको छ ।

### किएभमा चौबीसै घण्टा रुसी आक्रमण

किएभ, १९ भदौ (रासस/एपी) ।

युक्रेनको राजधानी किएभमा रुसी ड्रोन र क्षेप्यास्त्र आक्रमणको समय र शैली फेरिएको छ । यसअघि मुख्यतः राति हुने आक्रमण पछिल्लो एक सातादेखि दिनमा समेत हुन थालेपछि किएभवासीको दैनिकी चौबीसै घण्टा हवाई आक्रमणको त्रास र अवरोधमा परेको छ ।

रुसले तीव्र गतिमा उड्ने जेट-सञ्चालित ड्रोन प्रयोग गर्न थालेपछि आक्रमणको ढाँचा बदलिएको हो । हवाई आक्रमणको साइरन, विस्फोट र हवाई प्रतिरक्षाको आवाज अब सहरको दैनिक जीवनकै हिस्सा बनेका छन् । साइरन बज्दा मल, बैंक, विद्यालय तथा अन्य व्यवसायका काम रोक्नुपर्ने र सर्वसाधारण सुरक्षित स्थानमा जानुपर्ने अवस्था छ ।

आक्रमणका कारण यातायातसमेत प्रभावित भएको छ । हवाई चेतावनीका कारण रेलहरू बाटोमै रोकिने र यात्रुहरू सामान बोकेर पैदल हिँड्नुपर्ने अवस्था आएको छ । ड्रोनका कारण जीपीएस सङ्केत अवरुद्ध हुँदा ट्याक्सी सेवासमेत प्रभावित भएको छ ।

भोलोदिमर बोभ्सुनोभ्स्कीले करिब चार वर्षीया छोरीका लागि कपडा किन्न मल पुग्दा २० मिनेटमै हवाई आक्रमणको चेतावनी बजेको र धुवाँ देखिएपछि खाली हात फर्किनुपरेको बताउनुभयो । "विगत सात दिनमा धेरै परिवर्तन भएको छ", उहाँले भन्नुभयो । उहाँ परिवारलाई केही समय सुरक्षित र शान्त वातावरण दिन किएभ छाड्नेबारे समेत सोचिरहनुभएको छ ।

युद्धले व्यक्तिगत जीवनका महत्वपूर्ण क्षणसमेत प्रभावित पारेको छ । इरिना बारानोभा र इभहेन मित्सिकले हवाई आक्रमणकै बीच विवाह गर्नुभएको थियो । मित्सिकले यस्तो अवस्थामा जीवन र परिवारको महत्व अझ बढी महसुस हुने बताउनुभयो । उहाँले भन्नुभयो, "बिहान उठेपछि त्यस दिनको अधिकतम उपयोग गर्नुपर्छ, किनभने अर्को मौका नहुन सक्छ ।"

टेटयाना सेभचेन्कोले ध्यानले लगातारको साइरन र विस्फोटबीच आफूलाई शान्त रहन मद्दत गरेको बताउनुभयो । तर हवाई आक्रमणकै कारण सरकारी कार्यालयमा आफ्नो पालो गुमाएर लामो प्रक्रिया दोहोर्‍याउनुपरेको उहाँको अनुभव छ ।

लगातारको आक्रमणले केही बासिन्दालाई सहर छाड्ने सोच्न बाध्य बनाएको छ । आइटी कर्मचारी इभान दात्सिभको अपार्टमेन्टमा रुसी ड्रोन ठोक्किँदा क्षति पुगेपछि उहाँले शान्त र सुरक्षित अर्को सहरमा बसाइँ सर्ने विचार गरिरहनुभएको छ । बारम्बार साइरन बज्ने भएकाले आश्रयस्थलमा जाने र फर्किने समयसमेत नपुग्ने उहाँले बताउनुभयो ।

बोभ्सुनोभ्स्कीकी छोरी जाने गरेको बालविकास केन्द्रमा पनि हवाई आक्रमणको चेतावनी बज्दा बालबालिकालाई आश्रयस्थलमा लैजानुपर्छ । "त्यहाँ कुनै स्थिरता छैन", उहाँले भन्नुभयो ।

रातमा सीमित रहेको रुसी हवाई आक्रमण दिनको समयमा समेत फैलिँदा किएभवासीले युद्धको त्राससँगै काम, यात्रा, शिक्षा र पारिवारिक जीवनलाई निरन्तरता दिन सङ्घर्ष गरिरहेका छन् ।

# भोटेकोशी बाढीः एक हजार २९० जनाको शव फेला

काठमाडौँ, १९ भदौ (रासस)।

रसुवा बाढीमा परी ज्यान गुमाएकामध्ये हालसम्म एक हजार २९० जनाको शव फेला परेको छ। बाढीपछि सम्पर्कविहीन भएका चार हजार ७९८ जना अझै बेपत्ता छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार फेला परेको शवमध्ये ३४ बालक, ४५ बालिका, २५० महिला र ४२७ पुरुषको रहेको छ। आंशिक अङ्गसहितका ५३२ जना शव फेला परेको प्रहरीले जनाएको छ। उपचारका क्रममा अस्पतालमा दुई जना मृत्यु भएको थियो।

त्यस्तै, बाढीमा परी अझै चार हजार ७९८ जना सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार, बेपत्ता हुनेमा पुरुष दुई हजार ३६९ र महिला ४७८ जना छन्। प्रवक्ता काफलेका अनुसार फोनबाट जानकारी प्राप्त भएका एक हजार ३५० जना तथा विदेशी नागरिकतर्फ ६०१ जना बेपत्ता रहेको प्रवक्ता काफ्लेले बताउनुभयो।

बाढी प्रभावित विभिन्न स्थानबाट फेला परेका शवको पहिचान तथा व्यवस्थापनको कामलाई प्रहरीले निरन्तरता दिएको छ। ठूलो क्षेत्र प्रभावित भएकाले सम्भावित स्थानमा खोजी गर्दै फेला परेका शवको पहिचान, अभिलेखीकरण र व्यवस्थापन गर्ने कार्य भइरहेको जनाइएको छ।

**आठ हजार १९७ जनाको उद्धार**

प्रहरी प्रधान कार्यालयका अनुसार बाढीपछि हालसम्म आठ हजार १९७ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये पुरुष चार हजार ६१८, महिला दुई हजार ४७२ छन्।

त्यस्तै, विदेशी नागरिक पुरुष ९०३ र महिला १५२ जनाको पनि उद्धार गरिएको छ। त्यसमध्ये पहिचान नखुलेका ५२ जनाकोसमेत उद्धार गरिएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

**सुरक्षा निकायबाट खोजी अभियान जारी**

बाढीपछि ठूलो सङ्ख्यामा मानिस सम्पर्कविहीन रहेकाले सुरक्षा निकायले खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिएको छ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय तह तथा अन्य सरोकारवाला निकायको समन्वयमा बाढी प्रभावित क्षेत्रमा सम्भावित स्थान पहिचान गरी खोजी भइरहेको छ।

प्रहरीका अनुसार मृतक एक हजार १४३ जना तथा मृतकका आफन्त ७१९ जनासमेत गरी एक हजार ८६२ जनाको डिएनए नमुना सङ्कलन गरिएको छ। बेपत्ता तथा फेला परेका शवको पहिचानमा सहजता ल्याउन डिएनए परीक्षणको प्रक्रिया अघि बढाइएको हो।

**९२६ शवको व्यवस्थापन**

प्रहरीले हालसम्म ९२६ जनाको शव सुरक्षित रूपमा जमिनमा व्यवस्थापन गरिएको जनाएको छ। शवको आवश्यक प्रक्रिया पुरागरी व्यवस्थापन गर्ने कार्य जारी रहेको जनाइएको छ।

प्रहरीले सम्भावित सबै स्थानमा खोजी कार्यलाई निरन्तरता दिइरहेको जनाएको छ। प्राप्त सूचना तथा परिवारजनबाट आउने विवरणका आधारमा बेपत्ताको तथ्याङ्कसमेत अद्यावधिक गर्ने काम भइरहेको छ।

भोटेकोशी बाढीपछि उद्धार, खोजी, शव व्यवस्थापन र बेपत्ताको पहिचानका लागि राज्यका विभिन्न निकाय परिचालन भइरहेका छन्।

लामो समयदेखि सम्पर्कविहीन रहेका व्यक्तिको अवस्थाबारे जानकारी प्राप्त गर्न सुरक्षा निकायले खोजी अभियानलाई थप प्रभावकारी तुल्याउँदै लगेको जनाएको छ।

# 'सुरुङबाट एकजनाको शव निकालियो'

रसुवा, १९ भदौ (रासस)।

नेपाली सेनाको नेतृत्वमा खटिएको उद्धार टोलीले बाढी प्रभावित त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका एक व्यक्तिको शव निकालेको छ।

खोज तथा उद्धार कार्य जारी रहेको नुवाकोटको सिम्ले क्षेत्रमा रहनुभएका स्थानीयवासी शेषनाथ भट्टराईले विदेशीविज्ञ सम्मिलित विशेष टोलीले सुरुङभित्रबाट अहिले एक व्यक्तिको शव निकालेको जानकारी दिनुभयो। उहाँका अनुसार सोही जलविद्युत् आयोजनाका दुई कर्मचारीको शुक्रबार बिहान जीवितै अवस्थामा उद्धार गरेपछि उत्साहित बनेको उक्त विशेष टोलीमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीसहित चिनियाँ र अमेरिकी विज्ञसमेत खटिरहेको देखिन्छ।

यसैबीच नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले सेना र सशस्त्र प्रहरीसम्मिलित टोली विद्युत आयोजनाको सुरुङभित्र उद्धार कार्यमा खटिरहेको बताउनुभयो। सो टोलीमा नेपाली सेनाका ७५ र सशस्त्र प्रहरी बलका १८ जना परिचालित हुनुहुन्छ।

शुक्रबार रसुवा बाढीप्रभावित क्षेत्रमा बादल लागि मौसम सफा नभए पनि हेलिकप्टरमार्फत खाद्यान्नलगायत अत्यावश्यक सामग्री वितरण काम तीव्रताका साथ भइरहेको रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जानकारी दिनुभयो।

# शिक्षक हत्या घटनामा एक जना पक्राउ

सङ्खुवासभा, १९ भदौ (रासस)।

सङ्खुवासभाको मकालु गाउँपालिकामा-१ वालुङ चिर्खाङमा गोली हानेर एक शिक्षकको हत्या गरिएको घटनामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

मकालु-१ चिर्खाङस्थित कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक ३६ वर्षीय नरकुबिर खम्बु राईको गोली हानेर हत्या गरिएको घटनामा प्रहरीले एक संकास्पद व्यक्तिाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले बताउनुभयो। प्रहरीले पक्राउ परेको व्यक्तिको पहिचान खुलाएको छैन।

प्रधानाध्यापक राईमाथि बिहीबार राति गोली प्रहार भएको हो। विद्यालयमै बस्दै आउनु भएका राई राति खाना खाएर हात धुन बाहिर निस्किएपछि उहाँमाथि गोली प्रहार भएको प्रहरीले जनाएको छ। उहाँको घटनास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक मैनालीले बताउनुभयो।

सिलिचोङ गाउँपालिका-५ याफु घर भएका प्रधानाध्यापक राई सोही विद्यालयमा बस्दैआउनु भएको थियो। उहाँ एक वर्षदेखि करारमा कार्यरत हुनुहुन्थ्यो। घटनास्थल पुगेको प्रहरी टोलीले मुचुल्का उठाउने काम गरिरहेको छ। आवश्यक कानुनी प्रक्रिया पूरा गरेर शव परीक्षण गर्न जिल्ला अस्पताल सङ्खुवासभा ल्याइने तयारी भइरहेको प्रहरीले जनाएको छ।

# 'पहिरोले आंशिक थुनिएको चौलानी नदीको बहाब सामान्य'

काठमाडौँ, १९ भदौ (रासस)।

दार्चुलाको अपिहिमाल गाउँपालिका वडा नं १ भट्टारमा पहिरोले आंशिक थुनिएको चौलानी नदीको बहाब सामान्य भएको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको छ।

शुक्रबार दिउँसो खसेको पहिरोले केही समय चौलानी नदी आंशिक थुनिएकामा केहीबेरपछि सामान्य अवस्थामा नै खुलेको थियो। दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनसिंह धामीले अहिले चौलानी नदी सामान्य अवस्थामा बग्न थालेको सूचना पाइएको जानकारी दिनुभयो।

पहिरोले अपिहिमाल आधार शिविर जाने मार्ग भने अवरुद्ध गरेको उहाँले रासससलाई जानकारी दिनुभयो। "अहिले पहिरो झर्नेक्रम रोकिएको छ, थुनिएको नदी खुलिसकेको छ", उहाँले भन्नुभयो।

सो ठाउँमा विगतमा पनि पहिरो गएको उहाँले सुनाउनुभयो। पहिरोबाट नजिकैको वस्ती जोखिममा परेको छ। यद्यपि, शुक्रबारको पहिरोले बस्तीमा क्षति पुगेको छैन। सो क्षेत्रबाट माथि अपिहिमालको आधार शिविर पर्दछ।

यसअघि पहिरो खसेर सो नदी केही थुनिएको सूचना प्राप्त हुनेबित्तिकै जिल्ला प्रशासन कार्यालयले तटीय क्षेत्रमा सतर्कता अपनाउन सूचित गरेको थियो।

# चीनले नेपालसँग जलविज्ञान अनुगमनसम्बन्धी सूचना निरन्तर आदानप्रदान गर्ने

काठमाडौँ, १९ भदौ (रासस)।

चीनले नेपालसँग आपत्कालीन जलविज्ञान अनुगमनसम्बन्धी सूचना निरन्तर आदानप्रदान गर्ने जनाएको छ।

उद्धार तथा विपद् राहत प्रयासका लागि सो सहयोग गर्ने यहाँस्थित चिनियाँ दूतावासले जनाएको छ। त्यसमा नदीमा बनेका अवरोध तथा हिमतालबाट उत्पन्न जोखिमसम्बन्धी सूचनासमेत समेटिनेछन्।

चीनको मौसमसम्बन्धी निकायले चीन र नेपालबीचको केरुङ-रसुवा सीमानाकामा भीषण पहिरो गएदेखि नै नेपाललाई मौसम अनुगमन, मौसम पूर्वानुमान, पूर्वचेतावनी तथा प्रभावसम्बन्धी सेवाहरू उपलब्ध गराउँदै आएको जनाएको छ।

विपद्लगत्तै चिनियाँ प्रशासनले नेपालको मौसम विभागसँग भिडियोमार्फत मौसमसम्बन्धी परामर्श गरेको र नेपालको उद्धार तथा राहत कार्यका लागि मौसमसम्बन्धी सहयोग सक्रिय रूपमा उपलब्ध गराउँदै आएको समेत जनाएको छ।

# जनकपुरधामदेखि अयोध्यासम्म विशेष रेल सेवा तयारी

जनकपुरधाम, १९ भदौ (रासस)।

जनकपुरधामदेखि भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालनका विषयमा नेपाल र भारतबीच छलफल भएको छ।

नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार तथा सुरक्षा अधिकारीबीच यस विषयमा बिहीबार पहिलो चरणको छलफल भएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिनुभयो।

उहाँका अनुसार, भारतको जयनगरस्थित रेल्वे स्टेशनको विश्रामगृहमा भएको बैठकमा रेल सेवा सञ्चालन गर्न आवश्यक पूर्वतयारीका विषयमा छलफल भएको थियो।

उहाँहरुबीच रेल लिङ्क, सिग्नलिङ प्रणाली, अध्यागमन, भन्सार चेकपोस्ट, यात्रु सुविधा र सुरक्षा व्यवस्थापनलगायत विषयमा छलफल भएको थियो।

नेपालतर्फ नेपाली सुरक्षा निकाय तथा भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु र रेल सुरक्षाको जिम्मेवारी लिने विषयमा उहाँहरुबीच सैद्धान्तिक सहमति भएको छ।

बैठकमा नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनका अधिकारीको सहभागिता रहेको प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिनुभयो। बैठकपछि दुवै देशका अधिकारीलेजयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण गर्नुभएको थियो।

जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालनमा आएपछि दुई देशबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप प्रगाढ हुने तथा धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

नेपालकी विभूति सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको नगरी अयोध्यालाई प्रत्यक्ष रेल सेवामार्फत जोडिएपछि रामायण सर्किटअन्तर्गत तीर्थयात्री तथा धार्मिक पर्यटकको आवागमन थप सहज हुने विश्वास गरिएको छ।

रेल सेवा सञ्चालनपछि नेपाल र भारतका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा आर्थिक गतिविधि बढाउन समेत सहयोग पुग्नेछ। हाल नेपालको बिजलपुराबाट जनकपुरधाम हुँदै भारतको जयनगरसम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ।

## *बाबु सम्पर्कविहीन:...*

हुनुहुन्छ।

शिवकुमार सदाको चार जना छोराछोरी छन्। उहाँको बुबाआमा बूढाबूढी हुनुहुन्छ। पत्नी पनि बिरामी भएकाले घरको एक्लो साहार सम्पर्कविहीन हुनुभयो।

सात जना परिवारको आहारासमेत खोसिएको उहाँकी पत्नी गुडिया सदाले बताउनुभयो। सुरेन्द्र सदाको पनि तीन छोराछोरी छन्। कमाउने साहारा सम्पर्कविहीन भएपछि घरमा चुहो बल्न छोडेको छ। पत्नी द्रोपतीदेवी सदाले बताउनुभयो।

सोही ठाउँका सोही पावर हाउसमा कार्यरत अरूण सदा बाढी आउनुभन्दा एक हप्ता अगाडि घर आउनुभएको थियो। पुनः त्यहीं जाने तर्खरमा हुनुहुन्थ्यो। अचानक बाढी आएको सुनेपछि जान रोकिनुभएको थियो। यस सदा (मुसहर) बस्तीका तीन जना युवा सम्पर्कविहीन भएसँगै उक्त टोल शोकमा डुबेको छ।

# गुठी संस्थानले अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १९ भदौ।**

गुठी संस्थानले जनकपुरधाम उपमहानगरपालिकाभित्र गुठीअन्तर्गत रहेका विभिन्न पोखरी तथा पोखरीका डिल अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने तयारी गरेको छ।

गुठी संस्थान जनकपुरधामले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै गुठीअन्तर्गतका पोखरी तथा पोखरीका डिलमा विभिन्न व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा संरचना निर्माण गरी भोगचलन गरिरहेका संरचना हटाउन निर्देशन दिएको हो।

पहिलो चरणमा सातवटा पोखरीको अतिक्रमण हटाएको गुठी संस्थानले दोस्रो चरणमा थप १५ वटा पोखरीको अतिक्रमित जग्गा खाली गराउने तयारी गरिएको गुठी संस्थान जनकपुरधामका प्रमुख राजन कौशीले जानकारी दिए।

उनका अनुसार दोस्रो चरणमा देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्डलगायत पोखरी तथा तिनका डिलको अतिक्रमण हटाउने तयारी गरिएको छ।

गुठी संस्थानले सार्वजनिक सूचनामार्फत सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिनभित्र अनधिकृत रूपमा निर्माण गरिएका संरचना तथा अतिक्रमित क्षेत्र खाली गर्न निर्देशन दिएको छ। निर्धारित समयभित्र अतिक्रमण नहटाए प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनीसमेत संस्थानले दिएको छ।

गुठीको जग्गा संरक्षण तथा व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ कार्यान्वयन समितिको निर्णयका आधारमा उक्त सूचना जारी गरिएको गुठी संस्थानले जनाएको छ। यसअघि गुठी संस्थानले जनकपुरधामस्थित गोरधोई पोखरी, दशरथ तलाउ, बिसहरा पोखरीलगायत सातवटा पोखरीको अतिक्रमण डोजर चलाएर हटाएको थियो।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*